नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः २०८३।८४
चलानी नं.: प्रेस नोट नं. ०५

सिंहदरबार, काठमाडौं

## प्रेस नोट

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा सुदूर पश्चिम प्रदेशको पर्यटन विकास र संभावनाका बारेमा सरोकारवाला बीच सघन छलफल सम्पन्न भएको छ । अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल (गनेस) ज्यूले सन्तुलित र समन्यायिक विकासका लागि सरकारले गरिरहेका प्रयासबाट सुदूर पश्चिममा क्रमशः आर्थिक तथा सामाजिक गतिविधि बढ्दै जाने अपेक्षा व्यक्त गर्नुभयो। नागरिकका अपेक्षा र सरकारका प्राथमिकताबीच उचित सन्तुलन कायम गर्दै विकासका प्रयासलाई प्रभावकारी रूपमा अघि बढाउन सबै क्षेत्रको सकारात्मक सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. गुणाकर भट्टले दीर्घकालीन सोच, रणनीतिक आवश्यकता तथा योजनाको दूरगामी प्रभावलाई आधार बनाएर विकास योजना तर्जुमा गरिने बताउनुभयो। उपाध्यक्ष भट्टले पूर्वाधार क्षेत्रको विकासबाट उच्च आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने र यस क्रममा सबै प्रदेशमा राष्ट्रिय महत्त्वका पूर्वाधार निर्माण गर्न सके मुलुकको समग्र विकासमा ठूलो योगदान पुग्ने धारणा राख्नु भयो। माननीय उपाध्यक्षले धनगढी विमानस्थलको स्तरोन्नतिले दीर्घकालीन पूर्वाधार विकासका क्षेत्रमा समेत महत्त्वपूर्ण सन्देश सम्प्रेषण हुने धारणा राख्नु भयो।
संघीय संसद्को सार्वजनिक लेखा समिति सभापति भरतबहादुर खड्का तथा सुदूर पश्चिमबाट संघीय संसद् मा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदहरूले सुदूरपश्चिमको बहुआयामिक विकास, पूर्वाधार विस्तार तथा धनगढी विमानस्थलको स्तरोन्नतिको आवश्यकता र सम्भावनाका विषयमा धारणा राख्नुभएको थियो।

छलफल कार्यक्रममा धनगढी विमानस्थलको विकास क्रम, वर्तमान अवस्था, बढ्दो हवाई यात्रु तथा उडानको चाप र विमानस्थलको भावी सम्भावनाका विषयमा समेत विस्तृत छलफल गरिएको थियो। धनगढी सुदूरपश्चिम प्रदेशको राजधानीसँगै यस क्षेत्रको प्रमुख आर्थिक केन्द्रसमेत भएकाले मुलुककै पर्यटन क्षेत्रको विकासका लागि पनि धनगढी विमानस्थलको स्तरोन्नतिले सुदूरपश्चिमको समग्र आर्थिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुर्याउने धारणा सहभागीहरूले राख्नु भएको थियो। विमानस्थलको क्षमता र पूर्वाधार विस्तारसँगै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन, धार्मिक तथा पर्यटकीय गन्तव्यको विकास, व्यापार-व्यवसाय विस्तार तथा सामाजिक-सांस्कृतिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने विषयमा छलफल भएको थियो।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (NATTA) को पहलमा आयोजित कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्यहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, संस्कृति, नागरिक उड्डयन प्राधिकरणका महा निर्देशक तथा प्रतिनिधि, पर्यटन व्यवसायी, सुदूरपश्चिमका नागरिक अगुवा तथा सञ्चारकर्मीहरूको समेतको सहभागिता रहेको थियो ।

(विष्णु प्र. सापकोटा)
कार्यक्रम निर्देशक एवम् सूचना अधिकारी

२०८३ श्रावण २९, शुक्रवार
गुँलाथ्व, ११४६ ने.सं.

फोन नं. : ०१-४२११०३२, ४२१११३२, ४२११००४, ईमेल : npc@npc.gov.np, वेब : www.npc.gov.np